annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २७२ पृष्ठ ८ | काठमाडौं, बुधवार २३ माघ २०८१ | मार्ग शुक्लपक्ष सप्तमी, नेपाल संवत् ११४५ | WEDNESDAY, FEBRUARY 5, 2025 | ... ...वल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# पालिकाका योजना, दबाब र प्रभावमा

जनताको घरदैलोको सरकार हो- स्थानीय सरकार । जन्मदेखि मृत्युसम्मका संस्कार र कुलोदेखि सडकसम्मका आधारभूत सेवा र सुविधा सहजै दिनुपर्ने हो । कहाँ के आवश्यकता छन्, कहाँका जनतालाई कस्तो विकास गर्ने भनेर तथ्यांक बनाउने र त्यसअनुसार बजेट र योजना बनाउनुपर्ने हो । तर, जनताको आवश्यकताभन्दा 'दबाब र प्रभाव' मा योजना र बजेट छनोट गर्दा जनता आधारभूत आवश्यकताबाट वञ्चित छन् । तथ्यांकलाई दृष्टिगत गरेर निर्माण गरिएका योजनाहरू जनताको वास्तविक आवश्यकतासँग मेल खाने र प्रभावकारी हुने विज्ञहरू बताउँछन् ।

**विजयकुमार सिंह** | *ढल्केवर (धनुषा)*

– को रिपोर्ट

समाचार पृष्ठ २

छोरालाई काखीमा च्यापेर पानी ओसार्दै सुन्दरपुर बस्तीकी मेनुका राम । जहाँ पिउने पानीको हाहाकार छ । जनताको आवश्यकताभन्दा दबाब र प्रभावमा स्थानीय सरकारले योजना छनोट गर्दा सुन्दरपुरका सर्वसाधारण आधारभूत आवश्यकताबाटै वञ्चित छन् । ● विजयकुमार सिंह

## रविसहित १५ जनाविरुद्ध ठगी र संगठित अपराध कसुरमा मुद्दा दर्ता

**अनिल ढकाल** | *चितवन*



चितवनको साहारा बहुउद्देश्यीय सहकारीको रकम अपचलन गरेको आरोपमा रवि लामिछानेसहित थप १५ जनाविरुद्ध मुद्दा दायर भएको छ। चितवन जिल्ला अदालतमा मंगलबार पूरक मुद्दा दर्ता भएको हो। साहाराको रकम अपचलन र संगठित अपराध कसुरमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री लामिछाने र तत्कालीन गोर्खा मिडिया नेटवर्क प्रालिका उपाध्यक्षसमेत रहेका पूर्वडीआईजी छविलाल जोशीसहित १५ जनाविरुद्ध पूरक मुद्दा दर्ता भएको जिल्ला अदालत चितवनका सूचना अधिकृत अमृत विश्वकर्माले बताए।

पूरक अभियोगमा थप १५ जनाविरुद्ध मुद्दा परेको हो। जम्मा ३२ जनामध्ये १२ जनालाई ठगी र २० जनाविरुद्ध ठगी र संगठित अपराधको मुद्दा दर्ता भएको छ।

» बाँकी पृष्ठ ६

# कांग्रेसमा एकता भए चुनावबाट बहुमत : देउवा

### पार्टीका ७७ वटै जिल्लाका सभापति पोखरामा

**कृष्णमणि बराल** | *पोखरा*

कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीको एकता नै बल भएको बताएका छन्। ७७ वटै जिल्लाका सभापति र प्रशिक्षण विभागका प्रमुखहरूलाई मंगलबार पोखरामा सम्बोधन गर्दै उनले आफूहरूबीच एकता हुन सक्यो भने कांग्रेसले बहुमत ल्याउने दाबी गरे।

पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा सभापति देउवाले सबै तहका नेता तथा कार्यकर्तालाई एकआपसमा मनमुटाव नगरी एकताबद्ध भएर संगठनलाई सुदृढ बनाउनुपर्नेमा जोड दिए।

'वेटिङ प्राइमिनिस्टर' समेत रहेका देउवाले सम्बोधनका क्रममा प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीको प्रशंसा गरे। आफू



र प्रधानमन्त्री केपी शर्मा ओली जेलमा सँगै बसेको साथी भएको बताउन उनले छुटाएनन्। जेल बसाइ सम्झँदै देउवाले भने, 'धेरै कष्ट थियो, छुट्ने सम्भावना हुँदैनथ्यो। हामी मुख्य प्रतिस्पर्धी हौं। अविश्वास गर्नुपर्ने अवस्था छैन।' पार्टी एकताबद्ध भएमा कांग्रेसले बहुमत हासिल गर्न सहज हुने बताउँदै उनले राजनीतिक अस्थिरतालाई दृष्टिगत गर्दै कांग्रेस र एमालेबीच सहकार्य भएको पनि स्पष्ट गरे। मुलुकको विकासका प्रचुर सम्भावना रहेको बताउँदै कांग्रेस सभापति देउवाले समग्र उन्नतिका लागि कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने जनाए ।

बुधबारसम्म चल्ने प्रशिक्षणमा पार्टीका जिल्ला सभापति, उपसभापति, प्रदेश सभापतिसहित करिब दुई सय जना सहभागी छन्। नेपाली कांग्रेसका केन्द्रीय नेताहरू पनि प्रशिक्षणका लागि पोखरामा छन्।

प्रशिक्षण कार्यक्रमको उद्घाटन सत्रलाई नेपाली कांग्रेसका केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख एवं पार्टीका उपसभापति पूर्णबहादुर खड्काले सम्बोधन गर्दै पार्टीलाई मजबुत बनाएर अघि बढाउन केन्द्रदेखि तल्लो तहसम्म प्रशिक्षणका कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाइने बताए।


» बाँकी पृष्ठ ६

## गठन हुँदै उपभोक्ता अदालत

**काठमाडौं** (अन्नपूर्ण): सरकारले उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको छ। काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाभित्रका सम्बन्धित मुद्दाको कामकारबाही तथा किनारा गर्ने क्षेत्राधिकारसहित काठमाडौं उपत्यका मुकाम रहने गरी उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको हो।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले उपभोक्ता अदालत गठन गर्ने निर्णय भएको जानकारी दिए। न्याय परिषद्ले एक जना न्यायाधीश तोकेपछि र अन्य सदस्यहरू मन्त्रिपरिषद्ले तोकेर उपभोक्ता अदालतले काम सञ्चालन हुनेछ। उपभोक्ताको क्षतिपूर्ति, उपभोक्ताविरुद्धको कसुर र वस्तु र सेवासँग जोडिएका मुद्दा गरी तीन थरीका मुद्दा उपभोक्ता अदालतले हेर्नेछ।

उपभोक्ता अधिकारकर्मीहरूले लामो समयदेखि उपभोक्ता अदालतको गठनको माग गर्दै आएका थिए। बल्ल उपभोक्ता सुंरक्षा ऐन बमोजिमको उपभोक्ता उपर पर्ने मर्का र हानि उपर सजाय र क्षतिपूर्ति पाउने अदालत स्थापना भएको उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले बताए।




# बेलायती राजकुमार दम्पती काठमाडौंमा, राष्ट्रपतिले उठाए जलवायुको मुद्दा

**राधा खनाल** | *काठमाडौं*

बेलायतका राजकुमार डुयक अफ एडिनब्रा एडवार्ड र उनकी श्रीमती सोफिया मंगलबार नेपाल आइपुगेका छन्। सोफिया र उनका पति राजकुमार एडवार्ड फरक-फरक समयमा नेपाल आइपुगेका हुन्। उनीहरूलाई परराष्ट्रसचिव अमृतबहादुर राईले त्रिभुवन विमानस्थलमा स्वागत गरेका थिए।

उनीहरू दुवैले दिउँसो पौने ४ बजे शीतल निवास पुगेर राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गरेका थिए। राष्ट्रपति भवन शीतल निवासमा भएको शिष्टाचार भेटमा उनीहरूबीच द्विपक्षीय आपसी हितका विविध विषयमा छलफल भएको राष्ट्रपतिको कार्यालयले जनाएको छ। भेटमा राष्ट्रपति पौडेलले जलवायु परिवर्तन आजको विश्वको प्रमुख चिन्ताको विषय भएकाले यो समस्या समाधानका लागि सबै मिलेर काम गर्नुपर्ने बताए। 'जलवायु परिवर्तनको प्रत्यक्ष मारमा परेको नेपालले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा हिमाल संरक्षणको विषयलाई प्रमुखताका साथ आवाज उठाउँदै आएको छ,' राष्ट्रपति पौडेलको भनाइ



**राष्ट्रपति रामचन्द्र पौडेलसँग मंगलबार भेटवार्ता गर्दै बेलायतका राजकुमार डुयक अफ एडिनब्रा एडवार्ड । साथमा राष्ट्रपतिकी श्रीमती सविता पौडेल र बेलायतका राजकुमारकी श्रीमती सोफिया ।** ● राष्ट्रपतिको कार्यालय

उद्धृत गर्दै राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए।

नेपालले सगरमाथा संवादको थालनी गर्न लागेको राष्ट्रपति पौडेलले जानकारी गराएका थिए। उक्त मञ्चको पहिलो संस्करण आगामी १६ देखि १८ मे सम्म काठमाडौंमा 'जलवायु परिवर्तन, हिमाल र मानवको भविष्य' विषयमा आयोजना हुन गइरहेको उनको भनाइ थियो।

राष्ट्रपति पौडेलले बेलायतका राजपरिवारका सदस्यहरूबाट विभिन्न समयमा हुँदै आएका नेपाल भ्रमणले दुई देशबीच रहिआएको सुमधुर सम्बन्धलाई अझ मजबुत पार्न योगदान दिएको बताए। उनले महारानी एलिजाबेथ द्वितीय र राजकुमार फिलिपबाट सन् १९६० र १९८६ मा नेपालको राजकीय भ्रमण भएको स्मरण गरे।

'नेपाल र बेलायतबीच सदियौंदेखि घनिष्ट सम्बन्ध रही आएको छ। महत्त्वपूर्ण विकास साझेदारसमेत रहेको बेलायतले नेपालको चौतर्फी विकासमा सहयोग पुर्‍याउँदै आएकोमा धन्यवाद व्यक्त गर्दछु,' राष्ट्रपति पौडेलले भेटमा भनेका थिए।

उनले नेपाली नागरिक र आफ्नो तर्फबाट राजा चार्ल्सको व्यक्तिगत सुख एवं सुस्वास्थ्यको कामना व्यक्त गरे। भेटमा अधिराजकुमार एडवार्डले जलवायु परिवर्तनले पारेको असर र त्यसको न्यूनीकरणमा नेपालले गरेका प्रयासबारे भ्रमणका क्रममा जानकारी हुने विश्वास व्यक्त गरे। उनले भ्रमणका क्रममा हिमालमा जलवायु परिवर्तनले पारेका असरबारे बुझ्न पाउने अपेक्षा व्यक्त गरे।

» बाँकी पृष्ठ ६